# प्रदेश राजपत्र

गण्डकी प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ०४) पोखरा, असार ३१ गते, २०७८ साल (सङ्ख्या ०१

## भाग १

### प्रदेश सरकार

## कानून, सञ्चार तथा प्रदेश सभा मामिला मन्त्रालय

नेपालको संविधान बमोजिम प्रदेश सभाले बनाएको देहाय बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

संवत् २०७८ सालको ऐन नं.०१

**आर्थिक वर्ष २०७८/७९ को सेवा र कार्यको लागि प्रदेश सञ्चित कोषबाट केही रकम विनियोजन गर्ने र सो रकम खर्च गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन**

**प्रस्तावनाः** आर्थिक वर्ष २०७८/७९ को सेवा र कार्यको लागि प्रदेश सञ्चित कोषबाट केही रकम विनियोजन गर्ने र सो रकम खर्च गर्ने अधिकार दिन वाञ्छनीय भएकोले,

गण्डकी प्रदेश सभाले यो ऐन बनाएको छ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यस ऐनको नाम "विनियोजन ऐन, २०७८" रहेको छ।

(२) यो ऐन सम्बत् २०७८ साल साउन १ गतेदेखि प्रारम्भ हुनेछ।

२. **<u>आर्थिक वर्ष २०७८/७९ को निमित्त प्रदेश सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः</u>** आर्थिक वर्ष २०७८/७९ को निमित्त अनुसूची-१ बमोजिम प्रदेश सञ्चित कोषमाथि व्ययभार हुने रकम बाहेक अनुसूची-२ बमोजिम चालु, पुँजीगत र वित्तीय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रू.३०,०३,९४,२७,०००/- (अक्षेरुपी तीस अर्ब तीन करोड चौरानब्बे लाख सत्ताइस हजार) मा नबढाई निर्दिष्ट गरिए बमोजिम प्रदेश सञ्चित कोषबाट खर्च गर्न सकिनेछ।

३. **<u>विनियोजनः</u>** (१) यस ऐनद्वारा प्रदेश सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७८/७९ को निमित्त प्रदेश सरकारका निकायले गर्ने सेवा र कार्यको लागि विनियोजन गरिने छ।

(२) उपदफा (१) बमोजिम अनुसूची-२ मा उल्लिखित बजेट प्रदेश सरकारका निकायले गर्ने सेवा र कार्यको लागि विनियोजित रकममध्ये कुनै अनुदान संख्यामा बचत हुने र कुनै अनुदान संख्यामा नपुग हुने देखिन आएमा गण्डकी प्रदेश सरकार, अर्थ मन्त्रालयले बचत हुने अनुदान संख्याबाट नपुग हुने अनुदान संख्यामा रकमान्तर गर्न सक्नेछ।

(३) उपदफा (२) बमोजिम रकमान्तर गर्दा जम्मा रकमको दश प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एकभन्दा बढी अनुदान संख्याबाट अर्को एक वा एकभन्दा बढी अनुदान संख्यामा रकमान्तर गर्न, निकासा तथा खर्च लेख्न र चालु तथा पुँजीगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकमान्तर गर्न सकिनेछ।

तर,

(क) एउटै अनुदान संख्याभित्रका बजेट शीर्षक वा उपशीर्षकमा रकमान्तर गर्दा जतिसुकै रकम रकमान्तर गर्न सकिनेछ।

(ख) पुँजीगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालु खर्च शीर्षकतर्फ रकमान्तर गर्न र वित्तीय व्यवस्था अन्तर्गत सावाँ भुक्तानी खर्चतर्फ विनियोजित रकम व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र रकमान्तर गर्न सकिने छैन।

(४) स्थानीय तहका लागि अनुदान संख्या ८०१ मा विनियोजन भएको अनुदान रकम अन्य अनुदान संख्यामा रकमान्तर हुने छैन।

(५) उपदफा (१), (२) र (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि अनुदान संख्या ५०१ देखि ६०२ मा विनियोजन भएको रकम जुन अनुदान संख्यामा निकासा र खर्च हुने हो सोही अनुदान संख्यामा रकमान्तर गर्न र निकासा तथा खर्च जनाउन बाधा पर्ने छैन।

४. <u>अन्तर सरकारी वित्तीय हस्तान्तरण:</u> (१) अनुदान संख्या ८०१ को रकम स्थानीय तहले कानून बमोजिम खर्च गर्न पाउने गरी अनुदानको रुपमा स्थानीय सञ्चित कोषमा हस्तान्तरण गरिनेछ।

(२) उपदफा (१) बमोजिमको रकममध्ये वित्तीय समानीकरण अनुदानको एक चौथाईले हुन आउने रकम प्रदेश लेखा नियन्त्रक कार्यालयले सम्बन्धित स्थानीय सञ्चित कोषमा भदौ २५ गते, कार्तिक २५ गते, माघ २५ गते र बैशाख २५ गते भित्र गरी चार किस्तामा दाखिल गर्नेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि मुलुकमा विपद् वा कुनै असामान्य परिस्थिति उत्पन्न भई लक्ष्य अनुरुप राजस्व संकलन हुन नसकेमा र संघीय सरकारवाट प्राप्त हुने वित्तीय समानीकरण अनुदान तथा राजस्व बाँडफाँट रकम कम प्राप्त भएमा प्रदेश सरकारले उपदफा (२) बमोजिमको पहिलो किस्ता बाहेक अन्य किस्ता र सो बापतको रकम पुनः निर्धारण गरी प्रदेश सरकारले निर्धारण गरेको समयमा प्रदेश लेखा नियन्त्रक कार्यालयले सम्बन्धित स्थानीय सञ्चित कोषमा दाखिल गर्नेछ।

(४) उपदफा (२) बमोजिमको वित्तीय समानीकरण अनुदानबाट खर्च भएको रकमको विवरण स्थानीय तहले प्रदेश लेखा नियन्त्रक कार्यालयमा आर्थिक वर्षको कार्तिक १५ गते, माघ १५ गते, बैशाख १५ गते र वार्षिक आर्थिक विवरण अर्को आर्थिक वर्षको साउन मसान्तभित्र तथा उपदफा (३) बमोजिम प्रदेश सरकारबाट किस्ता निर्धारण भएको अवस्थामा प्रदेश सरकारले निर्धारण गरेको समयमा खर्च भएको रकमको विवरण बुझाउनु पर्नेछ।

(५) सशर्त अनुदान, समपूरक अनुदान र विशेष अनुदानको रकम आर्थिक वर्षभित्र खर्च नभई बचत भएमा त्यस्तो बचत रकम सम्बन्धित स्थानीय तहले

सम्बन्धित प्रदेश लेखा इकाई कार्यालय मार्फत आगामी आर्थिक वर्षको असोज मसान्तभित्र प्रदेश सञ्चित कोषमा दाखिल गर्नु पर्नेछ।

(६) उपदफा (५) बमोजिम अनुदानको रकम फिर्ता नभएमा प्रदेश लेखा नियन्त्रक कार्यालयले त्यस्तो रकम अर्को आर्थिक वर्षमा हस्तान्तरण हुने जुनसुकै अनुदान रकमबाट कट्टा गरी समायोजन गर्नेछ।

५. **योजना वा कार्यक्रम कार्यान्वयन सम्बन्धी विशेष व्यवस्थाः** (१) यस ऐन बमोजिम गण्डकी प्रदेश सरकारको कुनै निकायबाट कार्यान्वयन हुने गरी रकम विनियोजन भएको पुँजीगत तर्फको कुनै योजना वा कार्यक्रम नेपाल सरकारको कुनै निकाय मार्फत कार्यान्वयन गर्नुपर्ने भएमा नेपाल सरकारको अर्थ मन्त्रालय तथा सम्बन्धित मन्त्रालयको पूर्व सहमति लिई माघ मसान्तभित्र लेखी आएमा गण्डकी प्रदेश सरकार, अर्थ मन्त्रालयले त्यस्तो कार्यक्रम कार्यान्वयनका लागि खर्च गर्ने अख्तियारी दिने गरी सहमति दिन सक्नेछ।

तर प्रशासनिक खर्च तथा चालुतर्फका कार्यक्रमको लागि नेपाल सरकारका निकायलाई कुनै रकम उपलब्ध गराउन पाइनेछैन।

(२) यस ऐन बमोजिम गण्डकी प्रदेश सरकारको कुनै निकायबाट कार्यान्वयन हुने गरी रकम विनियोजन भएको कुनै योजना वा कार्यक्रम कुनै स्थानीय तह मार्फत कार्यान्वयन गर्नुपर्ने भएमा सम्बन्धित स्थानीय तहको पूर्व सहमति लिई माघ मसान्तभित्र गण्डकी प्रदेश सरकार, अर्थ मन्त्रालयमा लेखी पठाएमा मन्त्रालयले त्यस्तो योजना वा कार्यक्रम कार्यान्वयनका लागि खर्च गर्ने अख्तियारी दिने गरी सहमति दिन सक्नेछ।

(३) उपदफा (१) र (२) बमोजिम सहमति दिइएको जानकारी महालेखा परीक्षकको कार्यालय, नेपाल सरकारको सम्बन्धित मन्त्रालय, महालेखा नियन्त्रकको कार्यालय तथा प्रदेश लेखा नियन्त्रक कार्यालय र सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयलाई दिनु पर्नेछ।

(४) गण्डकी प्रदेश सरकारको कुनै विषयगत मन्त्रालय/निकायको स्वीकृत वार्षिक कार्यक्रम अर्को मन्त्रालय/निकायबाट कार्यान्वयन गर्नुपर्ने भएमा कार्यान्वयन गर्ने सम्बन्धित मन्त्रालय/निकायको पूर्व सहमति लिई माघ मसान्तभित्र गण्डकी प्रदेश सरकार, अर्थ मन्त्रालयमा लेखी पठाएमा मन्त्रालयले खर्च गर्ने अख्तियारीको लागि सहमति दिन सक्नेछ।

(५) यस ऐन बमोजिम स्वीकृत योजना तथा कार्यक्रम बाहेक कुनै थप योजना तथा कार्यक्रम कार्यान्वयन गर्नुपर्ने भएमा यस ऐनद्वारा विनियोजित बजेटको परिधिभित्र रही गण्डकी प्रदेश सरकार, अर्थ मन्त्रालयले त्यस्तो योजना तथा कार्यक्रम कार्यान्वयन गर्ने गरी स्वीकृति दिन सक्नेछ।

(६) प्रदेशको आर्थिक स्थिति र सञ्चित कोषको अवस्था विचार गरी गण्डकी प्रदेश सरकार, अर्थ मन्त्रालयले प्रदेश सञ्चित कोषमाथि व्ययभार हुने रकम बाहेक विनियोजित रकममा आवश्यकता अनुसार पूर्ण वा आंशिक रूपमा रोक्का वा नियन्त्रण गर्न सक्नेछ।

(७) प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणालीमा आर्थिक वर्षको वीचमा नयाँ अनुदान संख्या र बजेट उपशीर्षक नम्बर निर्माण गरिने छैन। नयाँ संगठन संरचना निर्माण भएमा साविककै बजेट उपशीर्षकवाट खर्च गर्ने अख्तियारी प्रदान गरिनेछ।

(८) गण्डकी प्रदेश सरकारवाट हस्तान्तरण हुने वित्तीय समानीकरण अनुदान र राजश्व बाँडफाँट बाहेक अन्य सवै किसिमका अनुदानवाट हस्तान्तरण हुने रकम मध्ये  आर्थिक वर्षको अन्त्यसम्म खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्ष समाप्त भएको एक महिनाभित्र प्रदेश सञ्चित कोषमा फिर्ता गर्नुपर्ने छ।

(९) उपदफा (८) बमोजिम अनुदानको रकम फिर्ता नभएमा त्यस्तो रकम अर्को आर्थिक वर्षमा हस्तान्तरण हुने जुनसुकै अनुदान रकमवाट समायोजन गरिनेछ।

६. **लेखाङ्कन, प्रतिवेदन तथा लेखापरीक्षणः** (१) यस ऐन बमोजिम संघ, प्रदेश वा स्थानीय तह मध्ये कुनै एक तहको बजेट तथा कार्यक्रममा समावेश भएको कुनै योजना वा कार्यक्रम अर्को तहबाट कार्यान्वयन गर्दा रकम विनियोजन भएको तहको खर्च इकाईको रुपमा प्रचलित कानूनले तोके बमोजिमको लेखा राखी आन्तरिक तथा अन्तिम लेखापरीक्षण गराउनुपर्नेछ।

(२) उपदफा (१) बमोजिम योजना वा कार्यक्रम कार्यान्वयन गर्ने तहले आर्थिक विवरण तयार गरी प्रमाणित गराई त्यस्तो आर्थिक विवरण रकम विनियोजन भएको तहमा पठाउनुपर्नेछ।

७. **<u>अख्तियारी तथा कार्यक्रम स्वीकृति सम्बन्धी व्यवस्था:</u>** (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन प्रारम्भ भएको मिति देखि विनियोजन भएको रकम खर्च गर्ने अख्तियारी अधिकार प्राप्त अधिकारीलाई हुनेछ।

(२) उपदफा (१) बमोजिम खर्च गर्ने अख्तियारीको आधारमा प्रदेश लेखा नियन्त्रक कार्यालय वा प्रदेश लेखा इकाई कार्यालयले सम्बन्धित निकायलाई विनियोजन भएको रकम निकासा दिनेछ।

(३) कुनै निकायलाई एकभन्दा बढी निकायबाट खर्च गर्ने गरी रकम विनियोजन भएकोमा विनियोजन भएको निकायको प्रमुखले सम्बत् २०७८ साल असोज मसान्तभित्र विनियोजन भएको सम्पूर्ण रकम खर्च गर्ने निकायलाई बाँडफाँट गरी त्यसको जानकारी गण्डकी प्रदेश सरकार, अर्थ मन्त्रालय र प्रदेश लेखा नियन्त्रक कार्यालयलाई दिनु पर्नेछ।

तर कुनै मनासिव कारणले सम्वन्धित निकायको प्रमुखले सम्बत् २०७८ साल असोज मसान्तभित्र बाँडफाँट गर्न नसकेमा सोको कारण खुलाई बाँडफाँटको लागि अनुरोध गरेमा गण्डकी प्रदेश सरकार, अर्थ मन्त्रालयले सम्वत् २०७८ साल कार्तिक मसान्तभित्र बाँडफाँट गर्न सक्नेछ।

(४) आर्थिक वर्ष प्रारम्भ भएपछि संघीय सरकारबाट प्राप्त भएको कुनै कार्यक्रम र बजेटको हकमा प्राप्त भएको मितिले पन्ध्र दिन भित्र बाँडफाँट गरी प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणालीमा समावेश गरी स्वीकृतिका लागि गण्डकी प्रदेश सरकार, अर्थ मन्त्रालयमा पठाइसक्नु पर्नेछ।

(५) उपदफा (४) बमोजिमको बाँडफाँटबाट रकम प्राप्त गर्ने निकायको प्रमुखलाई त्यस्तो रकम खर्च गर्ने अख्तियारी प्राप्त भएको मानिनेछ।

(६) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणालीमा समावेश भएको कार्यक्रम त्यस्तो कार्यक्रम कार्यान्वयन गर्ने प्रयोजनका लागि स्वीकृत कार्यक्रम मानिनेछ।

(७) उपदफा (६) बमोजिम प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणालीमा समावेश भएको कुनै कार्यक्रम संशोधन गर्नुपर्ने भएमा सम्बन्धित निकायले गण्डकी प्रदेश सरकार, अर्थ मन्त्रालयको सहमति लिनु पर्नेछ।

(८) उपदफा (७) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणालीमा समावेश भएको कार्यक्रमको चौमासिक विभाजनमा संशोधन

गर्नुपर्ने भएमा वार्षिक लक्ष्य नघट्ने गरी सम्बन्धित निकायले एक तह माथिको कार्यालय प्रमुखको स्वीकृति लिनु पर्नेछ।

तर राजपत्राङ्कित प्रथम श्रेणी वा सो सरहको कर्मचारी प्रमुख भएको निकायमा निजले चौमासिक विभाजनलाई संशोधन गर्न बाधा पुगेको मानिने छैन।

(९) प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणालीमा समावेश भएको कार्यक्रममा उल्लिखित क्रियाकलापको वार्षिक लक्ष्य नघट्ने गरी गण्डकी प्रदेश सरकारको स्रोततर्फ सम्बन्धित निकायको लेखा उत्तरदायी अधिकृतले प्रचलित कानूनको अधिनमा रही जुन खर्च शीर्षकको कार्यक्रममा थप रकमान्तर गरिने हो सो खर्च शीर्षकको सोही कार्यक्रममा शुरू विनियोजित रकमको पच्चीस प्रतिशतसम्म रकमान्तर गर्न सक्नेछ।

(१०) उपदफा (८) र (९) बमोजिमको संशोधन र रकमान्तर सम्बन्धित निकायको लेखा उत्तरदायी अधिकृतले प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणालीमा प्रविष्ट गराई गण्डकी प्रदेश सरकार, अर्थ मन्त्रालयबाट स्वीकृत गराउनुपर्नेछ र सो को जानकारी प्रदेश लेखा नियन्त्रक कार्यालयलाई दिनु पर्नेछ।

८. **रकम फिर्ता हुने:** स्थानीय तहमा हस्तान्तरण हुने वित्तीय समानीकरण अनुदान बाहेक यस ऐन बमोजिम विनियोजित रकम चालु आर्थिक वर्षमा खर्च हुन नसकेमा प्रदेश सञ्चित कोषमा फिर्ता हुनेछ।

९. **वित्तीय अनुशासन सम्बन्धी व्यवस्था:** (१) प्रचलित कानूनले व्यवस्था गरेका समिति, कार्यदल, परिषद्को न्यूनतमरुपमा बस्नुपर्ने गरी तोकिएका बैठकमा मात्र बैठक भत्ता खर्च लेख्न पाइनेछ। यस्ता प्रकृतिका समिति, कार्यदल, परिषद्को न्यूनतम तोकिए भन्दा थप बैठक बस्नु पर्ने देखिएमा आवश्यकता र औचित्य खुलाई गण्डकी प्रदेश सरकार, अर्थ मन्त्रालयको सहमति लिएर बैठकको खर्च लेख्न सकिनेछ ।

(२) सवारी साधन खरिद, तालिम तथा गोष्ठी, सूचना प्रणाली तथा सफ्टवेयर खरिद, घर भाडा, मेशिनरी औजार खरिद, निर्मित सार्वजनिक सम्पत्तिको मर्मत सम्भार, खाना तथा खाजा खर्च, जोखिम भत्ता लगायतका सबै प्रकारका अन्य भत्ता गण्डकी प्रदेश सरकार, अर्थ मन्त्रालयको सहमति लिएर मात्र कार्यान्वयन गर्नुपर्नेछ।

१०. **कार्यविधि तथा मापदण्ड बनाउन सक्ने:** (१) यस ऐनको कार्यान्वयन गर्न गण्डकी प्रदेश सरकारले आवश्यक कार्यविधि तथा मापदण्ड बनाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको कार्यविधि तथा मापदण्ड प्रदेश राजपत्रमा प्रकाशन गर्नुपर्नेछ।

(३) यस ऐन बमोजिम विनियोजन भएको रकम खर्च गर्ने व्यवस्थाका सम्बन्धमा गण्डकी प्रदेश सरकार, अर्थ मन्त्रालयले आवश्यक मार्गदर्शन बनाउन सक्नेछ।

११. **आदेश जारी गर्न सक्नेः** यस ऐनको कार्यान्वयन गर्दा कुनै बाधा उत्पन्न भएमा गण्डकी प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी आवश्यक आदेश जारी गर्न सक्नेछ।

## अनुसूची-१

(दफा २ सँग सम्बन्धित)

**गण्डकी प्रदेश सञ्चित कोषमाथि व्ययभार हुने रकम**

(रू. हजारमा)

| १ | २ | ३ | ४ | ५ | ६ |
|---|---|---|---|---|---|
| **क्र. स.** | **प्रदेश अनुदान संख्या** | **शीर्षकको नाम** | **चालु** | **वित्तीय व्यवस्था** | **जम्मा** |
| १ | २०२ | प्रदेश सभा | ५८०४ | ० | ५८०४ |
| २ | २१० | प्रदेश लोक सेवा आयोग | ५४६९ | ० | ५४६९ |
| ३ | ५०२ | अर्थ मन्त्रालय- आन्तरिक ऋण भुक्तानी | ५००० | ० | ५००० |
| ४ | ६०२ | अर्थ मन्त्रालय- फैसला वा आदेश बमोजिम तिर्नुपर्ने रकम | १००० | ० | १००० |
| **जम्मा** | | | **१७२७३** | ० | **१७२७३** |

**अनुसूची-२**

(दफा २ र ३ सँग सम्बन्धित)

**गण्डकी प्रदेश सञ्चित कोषबाट विनियोजन हुने रकम**

(रू. हजारमा)

| चालु | | | पुँजीगत | वित्तीय व्यवस्था | कूल जम्मा |
|---|---|---|---|---|---|
| अनिवार्य दायित्व | अन्य प्रशासनिक/ कार्यक्रम | जम्मा | | | |
| ३,३९,८०,५२ | ९,६६,६७,४२ | १३,०६,४७,९४ | १६,७३,४६,३३ | २४,००,०० | ३०,०३,९४,२७ |

## अनुसूची-३

### स्थानीय तहमा वित्तीय हस्तान्तरण हुने रकम

(रू. हजारमा)

| क्र.सं. | विवरण | रकम | कैफियत |
|---|---|---|---|
| **अनुदानतर्फ** | | | |
| १ | वित्तीय समानीकरण अनुदान | १,१०,००,०० | |
| २ | सशर्त/विशेष/समपूरक अनुदान | ८५,००,०० | प्रत्येक स्थानीय तहलाई १ करोडका दरले |
| ३ | निर्माणाधिन प्रशासनिक भवन निर्माण साझेदारी | ५०,००,०० | कार्यसम्पन्न प्रगति र मागका आधारमा |
| **राजस्व बाँडफाँटतर्फ** | | | |
| १ | राजस्व (सवारी साधन कर) बाँडफाँट | ६०,००,०० | |

प्रमाणीकरण मितिः२०७८।०३।३१

आज्ञाले,

केदारनाथ शर्मा

प्रदेश सरकारको सचिव